# कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : संघीय र स्थानीय सरकारको "रेस्पोन्स"

सन्जिला मोक्तान

करिब दुई वर्षअघि (पुस २०७६ मा) चीनको वुहानबाट शुरू भएको कोरोना भाइरस रोग (कोभिड-१९) ले छोटो समयमै वैश्विक महामारीको रूप लियो । यो महामारीको प्रभावबाट कुनै पनि मुलुक र कुनै पनि क्षेत्र मुक्त रहेन । नेपाल समेत नराम्ररी लपेटेको यो महामारीले मुलुकभरको सामान्य जीवन अस्तव्यस्त बनायो । चैत ६, २०७६ देखि कात्तिक मसान्त २०७७ सम्म (करिब आठ महिना) र वैशाख १३, २०७८ देखि भदौ ३१, २०७८ सम्म (करिब चार महिना) शिक्षण संस्थाहरू नै बन्द गरिए । शिक्षण संस्था बन्द भएपछि विद्यालय तहमा पढिरहेका ७० लाखभन्दा बढी विद्यार्थीको पठनपाठन नराम्ररी प्रभावित भयो (शिविप्रम २०७७) ।[१] साथै, महामारीका कारण परीक्षा सञ्चालन, नतिजा प्रकाशन र वार्षिक विद्यार्थी भर्ना जस्ता नियमित शैक्षिक कार्यक्रम अवरुद्ध भए । भौतिक उपस्थितिमा पठनपाठन गर्न सम्भव नहुने विषम परिस्थिति सिर्जना भएको केही समयपछि वैकल्पिक विधि (अनलाइन र दूर शिक्षा) बाट शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाउनका लागि सरकारी/गैरसरकारी पक्षबाट केही प्रयत्न भए ।

*नेपालको संविधान* २०७२ ले माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखेको छ ।[२] संविधानको यो व्यवस्थालाई कार्यान्वयनमा लग्न संघीय सरकारले असोज, २०७४ मा *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* ल्यायो । माध्यमिक तह सम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई हुने कुरालाई यसले थप पुट दियो (हेर्नुहोस्, नेपाल सरकार २०७४) । यसअघि केन्द्रीय सरकार मातहत रहेको विद्यालय शिक्षा स्थानीय सरकार मातहत आए पनि शिक्षक र तीनका संघसंगठनको विरोध, संघीय सरकार र कर्मचारी संयन्त्रको अरुचि आदिका कारण विद्यालय

[१] शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शैक्षिक तथ्यांक प्रतिवेदन (शिविप्रम २०७७) अनुसार मुलुकभर रहेका ३५,५२० विद्यालयमा करिब ७,०२१,६२२ विद्यार्थीहरू अध्ययनरत थिए । जसमध्ये १९ लाख ९३ हजार संस्थागत विद्यालयमा अध्ययनरत थिए ।

[२] हेर्नुहोस्, *नेपालको संविधान* २०७२ को अनुसूची ८ ।

*समाज अध्ययन* १७ : १८१–२०१, २०७९

शिक्षा सम्बन्धी संवैधानिक प्रावधानको कार्यान्वयनमा केही जटिलता देखिएका थिए/छन् (पराजुली, उप्रेती र गुरुङ २०७६) । यही जटिलताका बीच नेपालको विद्यालय शिक्षा वैश्विक महामारीको चपेटामा परेको थियो । यसै सन्दर्भमा, विद्यालय शिक्षामा महामारीले पारेको असर र महामारीबीच (वैकल्पिक) शिक्षण सिकाइका लागि संघीय र स्थानीय सरकारहरूको के-कस्तो भूमिका रह्यो भन्ने प्रश्नको वरिपरि यो लेख तयार गरिएको छ ।

वर्णनात्मक विधिमा अपनाइएको यो लेख मूलतः द्वितीय स्रोतमा आधारित छ । महामारीको समयमा विभिन्न पत्रपत्रिका (दैनिक पत्रिका, म्यागेजिन र अनलाइन समाचार संस्था समेत) मा प्रकाशित सामग्रीको आधारमा यो लेख तयार गरिएको हो । यसका लागि फागुन १८, २०७६ देखि असोज १५, २०७८ सम्म प्रकाशित विद्यालय शिक्षा सम्बन्धी लेख, समाचार, टिप्पणी र सम्पादकीय केलाइएको थियो ।[३] महामारीको समयमा विद्यालय शिक्षा सम्बन्धी संघीय सरकारको गतिविधि मूलत: "समन्वयकारी" भन्दा पनि "निर्देशनमुखी" थियो भन्ने तर्क यो लेखमा गरिएको छ । साथै, शिक्षा सम्बन्धी संविधानप्रदत्त अधिकारको प्रयोगमा स्थानीय सरकारहरू स्वतःस्फूर्त रूपमा गतिशील बन्न नसक्दा महामारीमा शिक्षण सिकाइ प्रक्रियाले जे-जति गति लिनु पर्ने थियो त्यति लिन नसकेको यो लेखको थप तर्क छ ।[४]

परिचय र निष्कर्ष बाहेक लेख मुख्य दुई खण्डमा बाँडिएको छ । पहिलो खण्डमा महामारीमा विद्यालय तहको शिक्षण सिकाइबारे संघीय सरकारका कामकारवाहीको समीक्षा गरिएको छ । वैकल्पिक शिक्षण सिकाइबारे स्थानीय सरकारले (न/)गरेका प्रयत्नलाई दोस्रो खण्डमा चर्चा गरिएको छ । *नेपालको संविधान* २०७२ ले विद्यालय शिक्षाको सञ्चालन/व्यवस्थापनमा प्रदेश सरकारलाई खासै भूमिका दिएको देखिँदैन । त्यसैले यो आलेखमा प्रदेश सरकारको भूमिकालाई केलाइएको छैन ।[५] त्यसै गरी, वैकल्पिक शिक्षण सिकाइमा

[३] महामारीले विद्यालय शिक्षामा पारेको प्रभावबारे आमसञ्चार माध्यममा प्रकाशित/प्रसारित विभिन्न सामग्रीहरूको सन्दर्भ सूचीका लागि तामाङ (सन् २०२१), मोक्तान (सन् २०२१) हेर्नुहोस् ।

[४] मार्टिन चौतारीबाट २०७८ सालमा प्रकाशित *कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : अनुसन्धान प्रतिवेदन*मा उल्लिखित केही विवरण यस लेखमा पनि परेका छन् । प्रतिवेदन लागि मोक्तान र उप्रेती (२०७८) हेर्नुहोस् ।

[५] शिक्षा मन्त्रालयले जारी गरेको विभिन्न निर्देशिका र कार्ययोजनामा भने वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गर्न प्रदेश सरकारलाई संघ र स्थानीय सरकार बीचमा सहकार्य र समन्वय गर्नुपर्ने जिम्मेवारी दिएको देखिन्छ । प्रदेश सरकारको भूमिका : वैकल्पिक पठनपाठनको लागि स्थानीय तहलाई समन्वय र सहजीकरण गरिदिने, प्रदेश स्तरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इ-लर्निङ पोर्टलमा भएका सामग्रीहरू रेडियो र टेलिभिजनबाट प्रसारण गर्ने व्यवस्था मिलाउने र आफैले उत्पादन गरेर प्रसारण गर्ने, अफलाइन मोडमा रहेका सामग्रीलाई

देखिएका जटिलता, "डिजिटल डिभाइड" ले शिक्षामा सिर्जना गरेको वर्गीय खाडल र शिक्षण संस्था बन्द हुँदा त्यसले बालबालिकाको पठनपाठनमा पारेको असर, र यसबाट भविष्यमा पर्न सक्ने सम्भावित सामाजिक "व्ययभार" बारे पनि यो लेखमा छलफल गरिएको छैन । यी छुट्टै अनुसन्धानका विषय हुन् ।

## संघीय सरकार : न पूर्वतयारी, न कार्ययोजना

विश्वभर कोभिड-१९ को महामारी फैलिएको तीन महिनासम्म पनि नेपालका शैक्षिक संस्थाहरू निर्वाध चलिरहेका थिए ।[६] महामारीको विषम परिस्थितिमा शैक्षिक संस्था बन्द गर्ने कि नगर्ने, बन्द गरे कहिलेदेखि बन्द गर्ने, पठनपाठनलाई कसरी निरन्तरता दिने र शैक्षिक क्रियाकलापलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा संघीय सरकार शुरूबाटै अलमलमा थियो । महामारी बढे पनि राज्यले चासो नदिएको, कोभिड संक्रमणबाट बच्न आवश्यक तयारी नगरेको र लाखौँ बालबालिका पढ्ने विद्यालय बन्द नगराएको भन्दै सार्वजनिक रूपमा सरकारको आलोचना भयो (उदाहरणका लागि हेर्नुहोस्, कान्तिपुर २०७६; वाग्ले भट्टराई २०७६) ।[७] आलोचना हुन थालेपछि "कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण

---

पुस्तक र अभ्यास पुस्तकको रूपमा छपाइ गरी स्थानीय तह वा विद्यालयलाई उपलब्ध गराउने, त्यसको प्रयोग भएको छ-छैन भनेर अनुगमन गर्ने र शिक्षकलाई सूचना प्रविधि सम्बन्धी तालिम तथा उपकरण उपलब्ध गराउने, आदि तोकिएको थियो । महामारीमा प्रदेश सरकारले गरेका गतिविधिका लागि मोक्तान र उप्रेती (२०७८) हेर्नुहोस् ।

[६] पुस दोस्रो हप्ता २०७६ मा चीनको वुहानमा देखिएको कोरोना भाइरस रोग माघ २०७६ मा युरोप र दक्षिण अमेरिका, र फागुन २०७६ मा दक्षिण एशियाली देशहरूमा फैलिएको थियो । छिमेकी मुलुक भारतमा महामारी बढेपछि नेपालमा पनि महामारी फैलिन सक्ने आशंका गरिएको थियो । विश्व स्वास्थ्य संगठनले फागुन दोस्रो हप्ता २०७६ मा नेपाललाई महामारीको "अति उच्च जोखिमयुक्त" क्षेत्रको रूपमा सूचीकृत गरेको थियो (नागरिकखबर सन् २०२०) ।

[७] कोरोना भाइरसको संक्रमण विश्वव्यापी विस्तार भइरहँदा नेपाल सरकारको व्यवहार भने खेलाँचीपूर्ण थियो । उदाहरणका लागि तात्कालिक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले नेपाललाई "कोरोना-फ्री-जोन" का रूपमा प्रचार गर्नका लागि श्रव्य-दृश्य सामग्री बनाउन मातहतका निकायलाई निर्देशन दिएका थिए । उनले चिनियाँ भाषामा समेत त्यस्ता प्रचार सामग्री तयार पारेर सात दिनभित्र चिनियाँ सञ्चार माध्यम तथा चीनस्थित नेपाली नियोग मार्फत सम्प्रेषणको व्यवस्था मिलाउन समेत भनेका थिए (पौडेल २०७६) । त्यसै गरी, महामारीको रूपमा फैलिएको कोरोना भाइरसबारे तात्कालिक प्रधानमन्त्री केपी शर्मा ओलीका अभिव्यक्ति हल्का, विवादास्पद, ठट्यौलीपूर्ण देखिन्थे । उनले पटक-पटक सार्वजनिक रूपमा "कोरोना [भाइरस] भनेको एउटा रुघाखोकी जस्तो हो; लागिहाल्यो भने हाच्छिउँसाच्छिउँ गर्नुपर्छ, तातो पानी खानुपर्छ, उडाइदिनुपर्छ" भने (बीबीसी नेपाली सन् २०२०) । मुलुकमा महामारी फैलिएर हजारौँ नागरिकले

उच्चस्तरीय समन्वय समिति" (यसपछि उच्चस्तरीय समन्वय समिति मात्र) को फागुन २०, २०७६ मा रक्षा मन्त्रालयमा बैठक बस्यो । विद्यालयमा विद्यार्थीको आवतजावत धेरै हुने हुनाले महामारीबाट जोगिन चलिरहेको पढाइ र वार्षिक परीक्षा चाँडो सकेर विद्यालयहरू बन्द गर्ने सो बैठकले निर्णय गरेको थियो ।[८] सोही निर्णयका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (यसपछि शिक्षा मन्त्रालय मात्र) ले फागुन २०, २०७६ मा सूचना निकालेर चैत ५ गतेभित्र कक्षा १ देखि ९ सम्मको पठनपाठन र वार्षिक परीक्षा सक्न र विद्यालय बन्द गर्न निर्देशन दियो ।

शिक्षा मन्त्रालयको सो निर्देशनपछि अधिकांश सार्वजनिक तथा संस्थागत विद्यालयले फागुन २८, २०७६ बाट वार्षिक परीक्षा सञ्चालन गरेका थिए । कतिपय विद्यालयले तोकिएकै समयमा परीक्षा सम्पन्न गर्न एकै दिनमा दुई-दुई विषयको परीक्षा समेत लिएका थिए (थाहाखबर २०७६) । महामारीको सँघारमा पुग्दा पनि थप दुई साता लगाएर परीक्षा सकेर मात्र विद्यालय बन्द गर्ने सरकारी निर्णयलाई अभिभावक संगठनहरूले अपरिपक्व कदम भन्दै आलोचना गरेका थिए (संग्रौला २०७६; गौतम २०७६) । यसपछि, उच्चस्तरीय समन्वय समितिले चैत ५, २०७६ मा अर्को निर्णय गऱ्यो—जस अनुसार भोलिपल्ट चैत ६, २०७६ बाट हुने भनिएको पूर्व-निर्धारित एसईई परीक्षा स्थगन भयो । अन्तिम समयमा गरिएको यो निर्णयबाट परीक्षाको तयारीमा रहेका विद्यार्थी, अभिभावक र शिक्षक मानसिक दबाबमा परेका थिए ।

महामारीको आसन्न संकट सामना गर्न संघीय सरकारले खासै तयारी गरेको देखिएन । "कोभिड-१९ एजुकेशन क्लस्टर कन्टिन्जेन्सी प्लान, सन् २०२०" र "वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका-२०७७" बनाउने बाहेक यी तीन महिना (चैत २०७६–जेठ २०७७) संघीय सरकारले "पर्ख र हेर" को रणनीति अवलम्बन गरेको देखियो । विद्यालय बन्द भएको तीन महिनासम्म उसले वैकल्पिक कक्षा सञ्चालनको कुनै योजना

---

मृत्यु वरण गरिरहँदा महामारीसँग जुधेर आफ्ना नागरिकलाई बचाउन अहोरात्र खट्नुपर्ने शासनसत्ता हाँकेर बसेका प्रमुख व्यक्तिको यस्ता विचारले गर्दा नै मुलुकले त्यति ठूलो क्षति बेहोर्न परेको हो ।

[८] महामारीबाट जनस्वास्थ्य र अर्थतन्त्रमा पर्नसक्ने असरबारे विस्तृतमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी उपयुक्त कदम चाल्ने, रोगको रोकथाम र नियन्त्रणको लागि सतर्कता अपनाउने, जनचेतना अभिवृद्धि गर्ने, आवश्यक निर्णय गरी त्यसको कार्यान्वयन गर्न र गराउन निरन्तर अनुगमन र निगरानी गर्न सरकारले फागुन १७, २०७६ मा उच्चस्तरीय समन्वय समिति गठन गरेको थियो । तात्कालिक उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा गठित सो समितिमा गृहमन्त्री; परराष्ट्र मन्त्री; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री; कृषि तथा पशुपंक्षी विकास मन्त्री; स्वास्थ्य तथा जनसंख्या मन्त्री; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री; अर्थमन्त्री र सञ्चार तथा सूचना प्रविधि मन्त्री सदस्य थिए ।

ल्याएन (एडु-पत्र २०७७क) । विकसित तथा प्राविधिक रूपले सम्पन्न मुलुकले विद्यालय बन्द भएपछि शैक्षणिक कार्यक्रमहरूलाई पूर्ण रूपमा अनलाइन र दूर शिक्षामा परिणत गरिरहेका थिए । साथै, महामारीको संक्रमण कम रहेका कतिपय क्षेत्रमा भौतिक दूरी र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिएका थिए (अजी-हक र शिमस सन् २०२०) ।

काठमाडौँ उपत्यकाका केही संस्थागत विद्यालयले वैशाखको दोस्रो साता (२०७७) देखि अनलाइन माध्यमबाट पढाउन थाले । र, उनीहरूले विद्यार्थी भर्ना गर्न, र चैत र वैशाख महिनाको शुल्क तिर्नको लागि अभिभावकलाई ताकेता गर्न थाले । त्यसपछि शिक्षा मन्त्रालयले वैशाख २२, २०७७ मा सूचना निकालेर महामारीको प्रभावको राम्रोसँग आकलन नगरी विद्यार्थीको भर्ना नगर्न, चैत-वैशाख महिनाको शुल्क नलिन, र अनलाइनबाट पठनपाठन सञ्चालन नगर्न संस्थागत विद्यालयलाई निर्देशन दियो । अनलाइन कक्षा सञ्चालन गर्दा अनलाइनको पहुँचमा हुने (धनीमानी) ले मात्र पढ्न पाउने तर पहुँचमा नहुनेले पढ्न नपाउने स्थिति सिर्जना हुने भन्दै अनलाइनबाट कक्षा सञ्चालन नगर्न शिक्षा मन्त्रालयले अनलाइन पठनपाठनमा रोक लगाएको थियो । अनलाइन कक्षा सञ्चालन गर्न र अनलाइनको पहुँचमा नभएकालाई पठनपाठनमा समावेश कसरी गर्ने भनेर नेतृत्व लिनुपर्ने बेलामा उल्टै अनलाइन कक्षा बन्द गर्न निर्देशन दिएकोमा शिक्षा मन्त्रालयको आलोचना भयो ।[९] महामारीमा विद्यालय बन्द गर्ने कि नगर्ने, बन्द गरेमा पठनपाठनलाई निरन्तरता कसरी दिने भन्नेबारे शुरूबाटै शिक्षा मन्त्रालयसँग स्पष्ट नीतिगत योजना, आकस्मिक कार्ययोजना तथा पूर्वतयारी नभएको यसले देखाउँछ ।

## *समन्वयको अभाव*

महामारीको समयमा शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाउनेबारे संघीय सरकारका मन्त्रालयहरू बीचमा समन्वयको अभाव प्रस्ट देखिन्थ्यो । त्यति मात्र होइन, कतिपय सन्दर्भमा उनीहरूले महामारीमा शिक्षण संस्था सञ्चालनबारे गरेका निर्णयहरू “विसंगतिपूर्ण” समेत थिए । र, त्यस्ता निर्णयले शिक्षण संस्थाहरू थप अन्योलमा परेका थिए । महामारीको समयमा अन्य मुलुकले भने शिक्षा र स्वास्थ्य मन्त्रालयबीच समन्वय, सञ्चार र सहकार्यलाई प्राथमिकतामा राखेर वैकल्पिक पठनपाठनलाई अगाडि बढाएका थिए । उदाहरणका लागि, टर्कीको शिक्षा मन्त्रालयले कोभिड-१९ महामारीको पहिलो चरणदेखि नै स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी विद्यालय बन्द गर्ने कि नगर्ने भनेर निर्णय लिएको थियो । उसले करिब १ करोड ८० लाख विद्यार्थी, दश लाख शिक्षक र सबै शैक्षिक सरोकारवालाहरूलाई

[९] विद्यानाथ कोइरालाले सरकारको यो कदमलाई “थोत्रो बुद्धि” संज्ञा दिएका थिए (कोइराला २०७७) ।

ध्यान दिँदै विद्यालय बन्द गरेर शैक्षिक क्रियाकलापलाई अनलाइन र दूर शिक्षामा परिणत गरेको थियो (माकालेसी सन् २०२०)। तर, नेपालमा महामारीको समयमा शिक्षण संस्था सञ्चालनबारे स्वास्थ्य तथा जनसंख्या (यसपछि स्वास्थ्य मन्त्रालय मात्र) मन्त्रालय र शिक्षा मन्त्रालयका निर्णयहरू एकआपसमा अमिल्दा देखिन्थे।

चैत अन्तिम साता २०७७ मा कोरोना भाइरसको संक्रमण पुनः बढेपछि शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयबीच शिक्षण संस्था बन्द गर्ने-नगर्ने भन्नेबारे विवाद उत्कर्षमा पुगेको थियो। संक्रमणको उच्च जोखिममा रहेको भन्दै स्वास्थ्य मन्त्रालयले चैत २५, २०७७ देखि नै तत्काल विद्यालय बन्द गर्नुपर्ने र पठनपाठनलाई अनलाइनबाट निरन्तरता दिनुपर्ने प्रस्ताव गर्‍यो, तर शिक्षा मन्त्रालय भने शिक्षण संस्थाहरू तत्काल बन्द नगर्ने पक्षमा देखियो। शिक्षा मन्त्रालय विद्यालयहरू पुन: बन्द गर्ने कुरामा सकारात्मक नदेखिएपछि वैशाख २, २०७८ मा स्वास्थ्य मन्त्रालयले एउटा अपील जारी गर्दै महामारीको जोखिममा रहेका काठमाडौँ र भारतसँग सीमा जोडिएका १४ जिल्लामा विद्यालय बन्द गर्न र अभिभावकलाई आफ्ना बालबालिका विद्यालयमा नपठाउन अनुरोध गर्‍यो (हिमालखबर २०७८)। स्वास्थ्य मन्त्रालयको सो अपीलले सरकारभित्रै यस विषयमा मतभेद छ भन्ने देखाउँथ्यो। यसपछि, विद्यालय बन्द गर्ने कि नगर्ने भन्नेमा विद्यालयहरू थप अन्योलमा परे (अनलाइनखबर २०७८)।

केही दिनको अन्योलपछि वैशाख ३, २०७८ मा महामारीबाट अति प्रभावित भनिएका १४ जिल्लाका विद्यालय बन्द गर्ने वा खोल्ने अधिकार जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) को समन्वयमा स्थानीय सरकारको निर्णय अनुसार हुने निर्णय शिक्षा मन्त्रालयले गर्‍यो (कान्तिपुर २०७८क)। यसपछि काठमाडौँ महानगरपालिकाले वैशाख ३, २०७८ मै शिक्षक र विद्यार्थीमा संक्रमण देखिएको जनाउँदै एक साता विद्यालय बन्द गर्न निर्देशन दियो। त्यसै गरी, सोही दिन (वैशाख ३, २०७८) बसेको संसदीय सुनुवाइ समितिको बैठकले पनि बालबालिकाहरू उच्च जोखिममा परेको भन्दै तत्काल विद्यालय बन्द गरी वैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालनको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दियो (कान्तिपुर २०७८ख)। विद्यालय खोल्ने/बन्द गर्ने विषयमा शिक्षा र स्वास्थ्य मन्त्रालयका यस्ता दुई थरि सूचना, तथा संसदीय समिति र काठमाडौँ महानगरपालिकाका आ-आफ्नै निर्देशनका कारण शिक्षक, विद्यार्थी र अभिभावकहरू रनभुल्ल थिए (कार्की २०७८)। अन्ततः वैशाख ६, २०७८ मा, देशभर संक्रमणको उच्च जोखिममा रहेका २५ शहरमा वैशाख महिनाभर विद्यालय, कलेज लगायत शिक्षण संस्था बन्द गरी अनलाइनबाट पठनपाठनलाई निरन्तरता दिन शिक्षा मन्त्रालयले निर्देशन दियो। संक्रमण बढ्दै गएको र नियन्त्रण बाहिर जान लागेपछि शिक्षा मन्त्रालयले अर्को निर्णय गरी वैशाख १३, २०७८ बाट देशभरका सबै विद्यालय बन्द गर्न

आदेश दियो । कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि सरकारले वैशाख १६ देखि भदौ १६, २०७८ सम्म (चार महिना) निषेधाज्ञा लागू गरेको थियो (देशसञ्चार २०७८) । यी विवरणले महामारीका समयमा विद्यालय सञ्चालन तथा शिक्षण सिकाइ प्रक्रियाबारे संघीय सरकारका मन्त्रालयहरूबीच राम्रो समन्वय हुन नसकेको देखाउँछ ।

## *अधिकार बाँडफाँटमा अरुचि*

महामारीबारे संघीय सरकारका निर्णयहरू विश्लेषण गर्दा शिक्षा मन्त्रालयले शुरूदेखि नै विद्यालय बन्द गर्ने लगायत वैकल्पिक शिक्षण क्रियाकलापहरूमा निर्णय गर्न विभिन्न तहका सरकारलाई शक्ति/अधिकार हस्तान्तरण गर्ने होइन कि केन्द्रीकरण गर्नेतर्फ अग्रसर भएको देखिन्छ । साथै, महामारीमा विद्यालय शिक्षाबारे संघीय सरकारका कतिपय निर्णय "टप-डाउन अप्रोच" वा "वान मोडल फिट्स अल" भन्ने सोचबाट समेत निर्देशित थिए । शिक्षा मन्त्रालयले चैत ५, २०७६ भित्र वार्षिक परीक्षा सकेर देश भरका सबै विद्यालय बन्द गर्न निर्देशन दिनु, आठ महिनासम्म कोभिड प्रभावित र कम प्रभावित दुवै क्षेत्रमा विद्यालय बन्द गर्नु, सबै क्षेत्रमा वैकल्पिक सिकाइ सहजीकरण सम्बन्धी एउटै निर्देशिका र कार्ययोजना लागू गर्नु, विद्यालय बन्द र सञ्चालनबारे निर्णय गर्ने अधिकार संघीय सरकारको शिक्षा मन्त्रालयलाई मात्र हुनुले यसलाई प्रस्ट पार्छ ।

कतिपय मुलुकले कोभिडबाट प्रभावित क्षेत्रको पहिचान गरेर निश्चित इलाकामा मात्र विद्यालय बन्द गरे पनि नेपालले संक्रमण फैलिन नदिन देशभर बिनाविकल्प लामो समय विद्यालय बन्द गऱ्यो । कोभिडको पहिलो लहरमा आठ महिना (चैत ६, २०७६ देखि कात्तिक मसान्त २०७७) सम्म विद्यालय बन्द गरियो । पहिलो लहरपछि विद्यालय भौतिक रूपमा सञ्चालन भएको चार महिना पूरा हुन नपाउँदै पुनः कोभिडको दोस्रो लहरको संक्रमण बालबालिकामा देखिन थालेपछि चार महिनासम्म (वैशाख १३–भदौ ३१, २०७८) विद्यालय बन्द गरियो । महामारीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र (काठमाडौँ, वीरगञ्ज र विराटनगर) लाई मात्र आधार मानेर देशभर विद्यालय बन्द गर्दा संक्रमण कम भएका या संक्रमण नै नभएका क्षेत्रमा समेत पठनपाठन प्रभावित हुन पुग्यो (खनाल २०७७) । उदाहरणका लागि हिमाली क्षेत्रमा फागुन १ बाट शैक्षिक सत्र शुरू भएर मंसिरमा वार्षिक परीक्षा हुने गर्दछ । तर शुरूमा निश्चित जिल्लामा संक्रमित देखिएकै कारण सरकारले देशभरका विद्यालय बन्द गर्दा हिमाली क्षेत्रका जिल्ला (जहाँ कोरोना संक्रमित नै थिएनन् या अति न्यून थिए) मा जम्मा एक महिना (फागुन) मात्र पढाइ भयो; आठ महिना विद्यालय बन्द भए (गाहा मगर २०७७क) ।[१०] संवैधानिक र कानूनी प्रावधान अनुसार विद्यालय

[१०] नेपालमा कोरोना भाइरसको पहिलो पटक संक्रमण माघ १०, २०७६ मा चीनबाट फर्केका एक युवामा देखिएको थियो । त्यसै गरी, पहिलो संक्रमित भेटिएको दुई महिनापछि चैत १०,

शिक्षा सञ्चालन/व्यवस्थापनको अधिकार स्थानीय सरकारमा गइसकेकोले संघीय सरकारले देशभर विद्यालय बन्द गर्न आवश्यक थिएन । महामारीबाट "अति प्रभावित" र "कम प्रभावित" या "अप्रभावित" क्षेत्रको पहिचान गरेर विभिन्न "मोडालिटी" मा विद्यालय सञ्चालन या बन्द गर्ने अधिकार शुरूमै स्थानीय सरकारलाई दिन सकिने थियो, जुन कुरा संविधानसम्मत समेत हुने थियो । तर विद्यालय शिक्षा सञ्चालन सम्बन्धी संविधानले कल्पना गरेको प्रावधानभन्दा बाहिर गएर संघीय सरकारले केन्द्रीकृत व्यवस्था अनुसार देशभर विद्यालय बन्द गर्न निर्देशन दियो । एक हिसाबले यो संघीयताको मर्म विपरीत समेत देखिन्थ्यो ।

काठमाडौँ उपत्यकाका केही संस्थागत विद्यालयले वैशाखको दोस्रो हप्ता २०७७ बाटै अनलाइन पठनपाठनलाई निरन्तरता दिएपछि शिक्षा मन्त्रालयलाई पनि वैकल्पिक पठनपाठन सञ्चालन गर्न दबाब परेको थियो । यसपछि संघीय सरकारले देशभरि लागू हुने गरी वैकल्पिक सिकाइका लागि विभिन्न निर्देशिका र कार्ययोजनाहरू ल्यायो । शिक्षा मन्त्रालयले जेठ १८, २०७७ मा "वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका" ल्याएर देशभर असार १, २०७७ बाट विद्यालयले वैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन गर्ने बाटो खुलायो ।[११] नयाँ शैक्षिक सत्र शुरू गर्ने नभई तत्काललाई सिकाइ प्रक्रिया निरन्तरता दिन र विद्यार्थीलाई सिकाइमा संलग्न गराउन उक्त निर्देशिका ल्याइएको जनाइएको थियो (पोखरेल २०७७) । महामारीको संक्रमण कम नभएपछि शिक्षा मन्त्रालयले वैकल्पिक सिकाइलाई नै शैक्षिक सत्रको मान्यता दिने गरी भदौ १९, २०७७ मा अर्को "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका" जारी गऱ्यो । पुनः असोज १, २०७७ मा "विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना" जारी गरी महामारीका

---

२०७६ मा फ्रान्सबाट फर्किएकी १९ वर्षीया किशोरीमा कोरोनाको संक्रमण देखिएको थियो । दोस्रो संक्रमित भेटिएपछि नेपालमा संक्रमणको त्रास ह्वात्तै बढ्यो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणका हिसाबले अति कम प्रभावित क्षेत्रमा हिमाली जिल्लाहरू मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, मुगु, सोलुखुम्बुलाई राखेको थियो । मन्त्रालयका अनुसार भदौ अन्तिम २०७७ सम्म मुगुमा १३, डोल्पामा ६, हुम्ला र मनाङमा ५-५ र मुस्ताङमा एकजना मात्र कोरोना संक्रमित देखिएका थिए ।

[११] उक्त निर्देशिकाले अनलाइन, रेडियो, टेलिभिजन र खुला विधिबाट वैकल्पिक सिकाइ प्रणालीलाई सहजीकरण गर्न संघ, प्रदेश, स्थानीय तह र अरू सरोकारवाला निकायको भूमिका तोकेको थियो । त्यस क्रममा विद्यार्थीलाई पाँच ओटा वर्ग—सबै किसिमका प्रविधिको पहुँच भन्दा बाहिर रहेका, रेडियो र एफएम मात्र पहुँच भएका, टेलिभिजनको पहुँच भएका, कम्प्युटर भएका तर अनलाइन कनेक्टिभिटी नभएका, इन्टरनेट तथा सूचना सञ्चार प्रविधिको साधनमा पहुच भएका—मा विभाजन गरेर अनलाइन, दूर तथा खुला शिक्षा मार्फत कक्षा सञ्चालन गर्न सक्ने व्यवस्था गऱ्यो ।

कारण अझै अवरुद्ध पठनपाठन सञ्चालन गर्न र प्रविधिको पहुँचमा नभएका विद्यार्थीलाई "होम स्कूलिङ" अर्थात् घरमै बसेर पढ्न सकिने स्व-अध्ययन अवधारणा ल्यायो । अन्ततः विभिन्न मोडालिटी र संक्रमणको अवस्थालाई हेरेर स्थानीय सरकारले नै विद्यालय खोल्न वा बन्द गर्न सक्ने गरी कात्तिक २०, २०७७ मा "कोभिड-१९ को सन्दर्भमा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा" ल्यायो । भदौ दोस्रो हप्ता २०७८ मा थप अर्को "कोभिड महामारीको अवस्थामा हुनसक्ने निषेधाज्ञाको प्रकृति अनुरूप शिक्षा मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयन सम्बन्धी कार्ययोजना" संघीय सरकारको शिक्षा मन्त्रालयले ल्यायो (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : शिक्षा मन्त्रालयद्वारा जारी वैकल्पिक कक्षा र परीक्षा सञ्चालन निर्देशिकाहरू**

| मिति | निर्देशिका |
|---|---|
| चैत दोस्रो हप्ता, २०७६ | कोभिड-१९ एजुकेशन क्लस्टर कन्टिन्जेन्सी प्लान, सन् २०२० |
| जेठ १८, २०७७ | वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका-२०७७ |
| असार ९, २०७७ | माध्यमिक शिक्षा परीक्षा (एसईई) कक्षा १० को विद्यार्थी मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ |
| भदौ १९, २०७७ | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७ |
| असोज १, २०७७ | विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना–२०७७ |
| कात्तिक २०, २०७७ | विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा–२०७७ |
| जेठ ३१, २०७८ | माध्यमिक शिक्षा परीक्षा (एसईई) कक्षा १० को विद्यार्थी मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ |
| भदौ दोस्रो हप्ता, २०७८ | कोभिड महामारीको अवस्थामा हुनसक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयन सम्बन्धी कार्ययोजना–२०७८ |

*स्रोत: नेपाल सरकारले विभिन्न समयमा जारी गरेका निर्देशन/कार्ययोजनाबाट तयार गरिएको ।*

वैकल्पिक पठनपाठनका लागि शिक्षा मन्त्रालयले देशभर एकै खालको निर्देशिका र कार्ययोजना ल्याउँदा त्यसले अधिकांश विद्यार्थीलाई समेट्न सकेन । सरकारले जारी गरेको निर्देशिकाले वैकल्पिक पठनपाठनमा अनलाइन र दूर शिक्षालाई बढी केन्द्रित गरेको पाइन्छ । अनलाइन र दूर शिक्षाबाट पठनपाठनको लागि इन्टरनेट, भौतिक पूर्वाधार र संरचना तयार नहुँदै वैकल्पिक पठनपाठनमा होमिँदा सूचना र प्रविधिको पहुँचमा हुनेले

पढ्ने पाए र पहुँचमा नहुनेले पढ्न पाएनन् ।[१२] उदाहरणका लागि शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसीई-नेपाल) ले दैलेख, बाजुरा, चितवन, झापा, पर्वत, पर्सा र रुपन्देही जिल्लामा गरेको सर्वेक्षणले ७० प्रतिशतभन्दा बढी विद्यार्थीहरू वैकल्पिक सिकाइमा संलग्न हुन नसकेको देखाएको थियो (एनसीई-नेपाल सन् २०२०) ।

## स्थानीय सरकार : अन्ततः विद्यालय सञ्चालन गर्ने अधिकार

विद्यालय बन्द भएको करिब आठ महिनापछि मात्र संक्रमणको दर, विद्यार्थी संख्या हेरेर विभिन्न विकल्प अपनाएर विद्यालय खोल्ने वा बन्द गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको थियो । संघीय सरकारले यसअघि जारी गरेका निर्देशिकाले वैकल्पिक शिक्षा सञ्चालनको लागि स्थानीय तहलाई सहजीकरण/व्यवस्थापनको मात्रै जिम्मेवारी दिएको थियो; विद्यालय खोल्न वा बन्द गर्न पाउने पूर्ण अधिकार दिइएको थिएन । संक्रमण अवस्था विश्लेषण गरी स्थानीय सरकारले विभिन्न "मोडालिटी" मा विद्यालय सञ्चालन गर्नसक्ने भन्ने संघीय सरकारको सो निर्णयलाई स्थानीय सरकारका प्रतिनिधिहरूले भने संघीय सरकार आफैले शिक्षण सिकाइ गतिविधिहरू व्यवस्थापन गर्न असफल भएपछि ढिला गरी उक्त जिम्मेवारी आफूहरूलाई सुम्पेको टिप्पणी गरेका थिए । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भने :

> केन्द्र र प्रदेशको विद्यालय सञ्चालनमा आ-आफ्नो अधिकारको दाबी देखिन्छ । वास्तवमा विद्यालय सञ्चालनको जिम्मा कानूनले स्थानीय तहलाई तोकेको छ । त्यसैले यस्ता विषयहरू स्थानीय तहले निर्णय गर्नुपर्ने हो । यस्तो अवस्थामा स्थानीय तहसँग समन्वय गरेर काम गरेको भए राम्रो हुने थियो । विद्यालय सञ्चालन गर्ने निर्णय स्थानीय तहको स्थिति अनुसार फरकफरक होला । शैक्षिक संस्थाहरू सञ्चालन गर्ने धेरै उपायहरू छन् तर त्यतातिर प्रदेश र संघीय सरकारको ध्यान गएको देखिँदैन । (एजुकेशनपाटी २०७७ मा उद्धृत)

[१२] युनिसेफ (सन् २०२०) ले प्रकाशित गरेको एक प्रतिवेदन अनुसार महामारीका कारण नेपालका विद्यालय जाने गरेका कुल विद्यार्थीमध्ये दुई तिहाई बालबालिका अनलाइन र दूर शिक्षा प्राप्त गर्नबाट वञ्चित थिए । अर्थात् प्रति १० जनामध्ये तीन जना बालबालिका मात्र अनलाइन र दूर शिक्षाको पहुँचमा रहे । महामारीका कारण अधिकांश सामुदायिक विद्यालय लामो समय बन्द रहँदा माध्यमिक तहमा भन्दा पनि प्राथमिक तहमा अध्ययनरत बालबालिकामा धेरै असर परेको अनुमान गर्न सकिन्छ (बिडारी २०७७; मोक्तान र उप्रेती २०७८) ।

नगरपालिकाहरूको छाता संस्था नेपाल नगरपालिका संघका पदाधिकारीहरूले महामारीमा विद्यालय शिक्षाका सम्बन्धमा संघीय सरकारले शुरूमा स्थानीय सरकारलाई पूर्ण अधिकार दिन कञ्जुस्याइँ गरेको र केही गर्न नसकेपछि बाध्य भएर कक्षा सञ्चालन गर्ने जिम्मेवारी शिक्षा मन्त्रालयले स्थानीय सरकारहरूलाई सुम्पेको अर्थ लगाएका थिए (कैनी २०७७ख; घिमिरे सन् २०२०; द हिमालयन टाइम्स सन् २०२०) ।

महामारीमा संघीय सरकारले सूचना निकाल्ने र निर्देशिका बनाउने बाहेक अरू जे जस्ता चुनौती अथवा अप्ठ्याराहरू छन् त्यो चाहिँ स्थानीय सरकारको काम हो भनेर आफू पन्छिन खोजेको देखिन्छ । उदाहरणका लागि संघीय सरकारले ल्याएका निर्देशिका र कार्ययोजनामा पाठ्यपुस्तक नपुगेका ठाउँमा पाठ्यपुस्तक स्थानीय तहले वितरण गर्नुपर्ने; वैकल्पिक माध्यमबाट पठनपाठनको लागि श्रव्यदृश्य सामग्री उत्पादन तथा वितरण गर्नुपर्ने; रेडियो, टेलिभिजन, विद्युत र इन्टरनेटको पहुँचमा नहुनेलाई अरू माध्यमबाट पठनपाठनमा जोड्नु पर्ने आदि दायित्व स्थानीय सरकारलाई तोकेको देखिन्छ । त्यसै गरी, महामारीमा संस्थागत विद्यालयको शुल्क निर्धारण गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दियो (हिमालखबर २०७७) । "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७" ले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कामको समन्वय गर्ने जिम्मेवारी शिक्षा मन्त्रालयको हो भनेको छ, तर शिक्षा मन्त्रालय आफैँले स्वीकृत गरेको निर्देशिकामा उल्लिखित दुवै जिम्मेवारी पूरा गर्नबाट चुकेको देखिन्छ (अनलाइनखबर २०७७ख) ।

माथि नै भनियो, लकडाउन भएको तीन महिनासम्म संघीय सरकारले विद्यालय सञ्चालनबारे कुनै ठोस निर्णय गर्न सकेन । विद्यालय सञ्चालनबारे केन्द्र सरकार "अनिर्णित" भएपछि विशेषत: संस्थागत विद्यालयका तर्फबाट स्थानीय सरकारकै अग्रसरतामा विद्यालय खोलिनुपर्ने माग गरियो । निजी विद्यालयका सञ्चालकहरूको एक समूहले जेठ अन्तिम हप्ता, २०७७ तिर रोकिएका परीक्षा अविलम्ब सञ्चालन गर्न र शैक्षिक संस्था खुलाउने सम्बन्धी निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई दिन संघीय सरकार समक्ष माग राखेका थिए । संघीय सरकारको मात्र मुख ताक्ने प्रणालीको अन्त्य गर्दै स्थानीय सरकारले महामारीको वस्तुस्थिति विश्लेषण गरी विद्यालय सञ्चालन गर्नुपर्ने उनीहरूको जिकिर थियो (एडुखबर २०७७) । संक्रमणको जोखिमका आधारमा विद्यालय पूरै वा आंशिक सञ्चालन गर्न सकिने निर्णय पालिकाले तय गर्नसक्ने संविधानमै किटान भएकाले यसको पूर्ण अधिकार स्थानीय सरकारलाई दिइनुपर्ने उनीहरूको माग थियो (ढकाल २०७७) ।

माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापकीय अधिकार संविधानत: स्थानीय सरकारको हो (नेपाल सरकार २०७४) । सो अधिकारमाथि हस्तक्षेप गर्दै संघीय सरकारले महामारीको समयमा आफूले जारी गरेका निर्देशिका र कार्ययोजना प्रभावकारी नभएपछि

स्थानीय सरकारले नै विद्यालय सञ्चालन र बन्द गर्न आवश्यक निर्णय लिनसक्ने गरी कात्तिक २०, २०७७ मा "विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७" जारी गऱ्यो । केन्द्र सरकारले यसअघि जारी गरेका निर्देशिकाले विद्यालय सञ्चालन तथा पठनपाठनमा स्थानीय तहलाई समन्वय तथा सहयोगीको मात्रै जिम्मेवारी दिएको थियो, पूर्ण अधिकार दिएको थिएन । विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचाले स्थानीय सरकारले जोखिम मूल्यांकन गरी विद्यालयसँग परामर्श गरी विद्यालय सञ्चालन, सिकाइ व्यवस्थापन, परीक्षा सञ्चालन गर्नसक्ने व्यवस्था गरेको थियो । विशेष गरी सामुदायिक विद्यालयमा अनलाइन, खुला तथा दूरशिक्षा विधिबाट वैकल्पिक कक्षा सञ्चालन प्रभावकारी नभएपछि सरकारले भौतिक रूपमै विद्यालय सञ्चालनमा ल्याउने आधार तयार पार्न स्थानीय सरकारलाई जिम्मेवारी सुम्पेको थियो ।

विद्यालय खोल्ने अधिकार स्थानीय सरकारलाई धेरै ढिला गरी दिइए तापनि यस्तो कदमलाई धेरैले सकारात्मक रूपमा लिए । साथै, विद्यालय शिक्षामा देखिएको यस्तो संकट स्थानीय सरकारका लागि आफूमा प्राप्त संवैधानिक/कानूनी अधिकार प्रयोगमा ल्याउने अवसरको रूपमा लिनुपर्ने तर्क समेत कतिपयले गरे । उदाहरणका लागि, अदीति अधिकारीले कोभिड महामारीका कारण विद्यालय बन्द भएको यो समय शिक्षामा स्थानीय सरकारको भूमिका बलियो बनाउने र शिक्षालाई साँचो रूपमा विकेन्द्रीकरण गर्ने मौकाको रूपमा लिनुपर्ने तर्क गरेकी थिइन् (अधिकारी २०७७) । त्यसै गरी, वैकल्पिक विधिबाट पठनपाठन सुचारु गर्दा भिन्न आर्थिक, सामाजिक र पारिवारिक पृष्ठभूमि भएका र स्रोत साधनमा समान पहुँच नभएका सामाजिक समूहहरू शिक्षण सिकाइबाट वञ्चित हुनसक्ने सम्भावना हुन्थ्यो । त्यसैले, त्यस्ता समूह र वर्गलाई सिकाइ सहजीकरणका लागि स्थानीय सरकारले नै पहल गर्नुपर्नेमा समेत जोड दिइयो (हेर्नुहोस्, अधिकारी २०७७; ढकाल २०७७; एडुखबर २०७७) । एक जिल्ला या स्थानमा कोभिड संक्रमणको जोखिम बढ्दा देशभरका शिक्षण संस्था बन्द गर्नु व्यावहारिक नभएकाले स्थानीय क्षेत्रको वस्तुस्थितिबारे बढी जानकारी राख्ने स्थानीय सरकारलाई नै विद्यालय सञ्चालन गर्ने-नगर्ने अधिकार दिइनु उपयुक्त देखिन्थ्यो ।

### *स्थानीय सरकारको प्राथमिकतामा नपरेको विद्यालय शिक्षा*

विद्यालय शिक्षा स्थानीय सरकारको एकल अधिकारभित्र परे पनि महामारीमा वैकल्पिक शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाउने र शिक्षा सम्बन्धी संवैधानिक अधिकार कार्यान्वयन गर्नेतर्फ उनीहरूले वाञ्छित सक्रियता देखाएको पाइएन । महामारीले गर्दा बन्द भएका विद्यालय सञ्चालन गर्ने वा वैकल्पिक उपायद्वारा पठनपाठन सञ्चालन गर्न प्रयासरत रहनु पर्नेमा स्थानीय सरकारहरू क्वारेन्टिन/आइसोलेशन सेन्टर निर्माणमा व्यस्त थिए ।

र, कतिपय स्थानीय सरकारले सामुदायिक विद्यालयलाई नै क्वारेन्टिनमा परिणत गरेका थिए । एक समाचारमा जनाइए अनुसार असार अन्तिम हप्ता, २०७७ सम्ममा करिब पाँच हजार विद्यालय क्वारेन्टिन र आइसोलेशन केन्द्रमा रूपान्तरण भएका थिए (कैनी २०७७क) । क्वारेन्टिन तथा आइसोलेशन केन्द्र बनेका विद्यालयलाई स्थानीय सरकारले समयमै निर्मूलीकरण नगरिदिँदा कतिपय स्थानमा शिक्षक, विद्यार्थी विद्यालयमा उपस्थित हुन सकेनन् । यसले गर्दा केही स्थानमा पठनपाठन सञ्चालनमा अन्योल उत्पन्न भएको थियो (सुब्बा २०७७ख) ।

माथि उल्लेख भैसक्यो, “विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा-२०७७” ले विद्यालय सञ्चालनको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय सरकारलाई दिएको थियो । प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघका पदाधिकारीहरूसँग परामर्श गरेर विद्यालय खोल्न सक्ने कुरा उक्त कार्यढाँचामा उल्लेख थियो । यद्यपि, कतिपय स्थानमा विद्यालय सञ्चालनबारे पालिका र पालिका अन्तर्गतका विद्यालय व्यवस्थापन समिति बीचको बैठक नहुँदा, शिक्षक दरबन्दीको अभाव, विद्यालय भवन र कक्षा कोठाको अभावका कारण विद्यालय सञ्चालनमा अलमल भयो । विद्यालयहरू दुई शिफ्टमा सञ्चालन गर्नुपर्ने र आलोपालो विधि प्रयोग गर्नुपर्ने व्यवस्था कार्यढाँचामा थियो । तर, अधिकांश विद्यालयहरूमा पर्याप्त शिक्षकको अभाव भएकोले दुई सत्रमा कक्षा सञ्चालन गर्न उनीहरूले सकेनन् । एउटै शिक्षकले बिहान र दिउँसो पढाउन सक्ने अवस्था भएन । अनि दुई शिफ्ट पढाउने शिक्षकहरूलाई तदनुरूप नै भत्ता दिनुपर्ने हुँदा समस्या उत्पन्न भयो । साथै, पढाइ सञ्चालन गर्दा कक्षा कोठाहरूमा भौतिक दूरी कायम गर्नु परे पनि कतिपय विद्यालयहरूमा कक्षाकोठा पर्याप्त नभएकोले भौतिक दूरी कायम गरेर पठनपाठन सञ्चालन गर्न सकिने अवस्था रहेन (बुधबार २०७७) । यी विषयहरूमा पनि स्थानीय सरकारको पर्याप्त ध्यान गएको देखिँदैन ।

महामारीको बेला वैकल्पिक शिक्षण सिकाइका लागि शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिबीच समन्वय र परिचालन गर्ने विषयमा समेत स्थानीय सरकारहरू कमजोर देखिए । कतिपय स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेका विद्यालयमा विद्यार्थी र शिक्षकहरू कति छन्, उनीहरूको इन्टरनेट र दूर शिक्षामा पहुँच कस्तो छ भन्नेसम्म पनि जानकारी राखेको पाइएन (सुब्बा २०७७क) । महामारीमा विद्यार्थीका लागि सामग्री जुटाउने, वैकल्पिक सिकाइको व्यवस्थापन गर्ने, अध्ययन सामग्री उपलब्ध गराउने, शिक्षकलाई तालिम प्रदान गर्ने, विद्यार्थीलाई मनोपरामर्श दिने, अस्थायी सिकाइ केन्द्रको व्यवस्थापन गर्ने, अभिभावक शिक्षा प्रदान गर्ने जस्ता कार्यमा स्थानीय सरकारले अभिभावक, शिक्षक संघ र विद्यालय व्यवस्थापन समितिसँग मिलेर काम गर्न सक्ने सम्भावना थिए । यी उदाहरणले पनि कोभिड महामारीमा विद्यालय शिक्षा सञ्चालन/

व्यवस्थापनको लागि अरू सम्बन्धित निकायसँग समन्वय गर्ने प्रक्रियामा स्थानीय सरकारको भूमिका प्रभावकारी नभएको देखाउँछ ।

भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्दा विद्यालयलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका सामग्री स्थानीय सरकारले उपलब्ध गराउने भनिएको थियो । यद्यपि, एकाध बाहेक अधिकांश विद्यालयले सम्बन्धित पालिकाबाट विद्यालय सञ्चालनको लागि आवश्यक स्वास्थ्य सामग्री सहयोग पाएका थिएनन् । काठमाडौँ महानगरपालिका जस्तो निकै धनी पालिकाले समेत सामुदायिक विद्यालयमा मास्क, सेनिटाइजर, थर्मल गन र स्वास्थ्यकर्मी आदिको व्यवस्थापन गर्न सकेको थिएन । सम्बन्धित स्थानीय सरकारले विद्यालय, परीक्षा सञ्चालन गर्न निर्देशन दिएको तर विद्यालय सञ्चालनका लागि चाहिने स्वास्थ्य सामग्रीको सहयोग नदिएको भन्दै शिक्षकहरूले स्थानीय सरकारको आलोचना गरेका थिए (गाहा मगर २०७७ख) । समग्रमा, बन्द विद्यालय पुनः सञ्चालनभन्दा विद्यालयमा क्वारेन्टिन/आइसोलेशन निर्माणमा खटिनु; बन्द विद्यालय सञ्चालनबारे संघकै निर्देशनलाई पर्खेर बस्नु; विद्यालयका शिक्षक, अभिभावक र व्यवस्थापन समितिबीच समन्वय गर्न यथोचित भूमिका नखेल्नु; विद्यालयलाई चाहिने आवश्यक पठन र स्वास्थ्य सामग्रीको सहयोग गर्न नसक्नुले विद्यालय शिक्षा स्थानीय सरकारको प्राथमिकताको विषयमा पर्न नसकेको भन्न सकिन्छ ।

## *जिल्ला प्रशासन कार्यालयको हस्तक्षेप*

संघीय सरकारले भदौ १९, २०७७ मा जारी गरेको सिकाइ सहजीकरण निर्देशिकामा “अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्र विशेषमा नियमित विद्यालय सञ्चालन हुनसक्ने अवस्था भएमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन” उल्लेख थियो ।[१३] तर निर्देशिकामा उल्लिखित सो प्रावधान व्यवहारमा भने लागू हुन सकेन । उदाहरणका लागि रामपुर नगरपालिका, पाल्पाले शिक्षकसँग प्रत्यक्ष सम्पर्कमा नरहेका र रेडियो तथा टेलिभिजनबाट मात्रै पाठ्यसामग्री सुनेर सिकिरहेका विद्यार्थीलाई स्वास्थ्य मापदण्ड पूरा गर्दै आलोपालो गरी असोज ४, २०७७ बाट विद्यालयमा नै पठनपाठन गराउने निर्णय गऱ्यो । उक्त निर्णय अनुसार नगर शिक्षा समिति र विद्यालयका शिक्षकहरूको बैठकले पढाउने अन्तिम तयारी गरिरहँदा जिल्ला प्रशासन कार्यालय (जिप्रका), पाल्पाले असोज ५, २०७७ मा पत्र लेखी पठनपाठन नगर्न निर्देशन दियो (राई २०७७) । जिप्रकाको उक्त पत्रपछि रामपुरका विद्यालयमा पठनपाठन शुरू भएन ।

त्यसै गरी, दोलखाको गौरीशंकर उच्च माविमा कोभिड संक्रमितको संख्या शून्य भएकाले भौतिक दूरी कायम राखेर पठनपाठन सञ्चालन गर्ने तयारी भइरहेको थियो । तर

[१३] हेर्नुहोस्, निर्देशिकाको बुँदा नं. ३३(२) ।

जिप्रका दोलखाले असोज २०७७ को दोस्रो सातातिर भौतिक उपस्थितिमा पठनपाठन नगर्न निर्देशन दिएपछि सो प्रयत्न कार्यान्वयन हुन सकेन । नुवाकोटमा महामारीका कारण बन्द भएका विद्यालय छ महिनापछि खुलेका थिए । तर विद्यालय सञ्चालन भएको आठ दिन हुन नपाउँदै असोज २०७७ को दोस्रो सातातिर नुवाकोट जिप्रकाले बन्द गर्ने आदेश दिएकाले ती विद्यालय पुनः बन्द गरिए (थापा २०७७) । विद्यालय सञ्चालनबारे स्थानीय सरकारले गरेका निर्णयमाथि जिप्रकाबाट भएका हस्तक्षेपका यी केही उदाहरण मात्र हुन् ।

माथिका विवरणबाट स्थानीय वस्तुस्थितिको विश्लेषण गरेर विद्यालय खोल्न पाउने भन्ने विद्यार्थी सिकाइ सहजीकरण निर्देशिकाको प्रावधान जिप्रकाहरूकै हैकमका कारण कार्यान्वयन नभएको प्रष्टिन्छ । विद्यालय खोल्ने विषयमा स्थानीय सरकार र जिप्रकाबीच तालमेल नमिलेको अवस्थामा शिक्षा मन्त्रालयले संयोजनकारी भूमिका निर्वाह गर्नुपर्ने थियो । तर महामारीको समयमा संघीय सरकारले यस विषयमा अपेक्षित भूमिका निर्वाह गरेको देखिएन । बरू उसले उल्टै हस्तक्षेपको नीति लियो । उदाहरणका लागि २०७७ असोज दोस्रो हप्तातिर कोभिडको प्रभाव नभएका मुगु, हुम्ला, मनाङ, मुस्ताङ, डोल्पा लगायत जिल्लाका स्थानीय सरकारले विद्यालय सञ्चालन गर्ने तयारी थालेका थिए । शिक्षाका कर्मचारी र शिक्षकहरू विद्यालय सञ्चालनमा इच्छुक देखिए पनि शिक्षा मन्त्रालयले विद्यालय सञ्चालन नगर्न निर्देशन दियो (अनलाइनखबर २०७७ख) । स्थानीय सरकारले आफ्नो अधिकार प्रयोग गरेर विद्यालय खोल्न खोजे पनि जिल्ला शिक्षा विकास तथा समन्वय इकाईले हस्तक्षेप गर्दा पठनपाठन प्रभावित भइरह्यो । स्थानीय वस्तुस्थिति अध्ययन गरेर कोरोना संक्रमणको जोखिम कम रहेको या नरहेको पालिकामा शिक्षण संस्था सञ्चालन गर्नसक्ने या वैकल्पिक शिक्षण पद्धति विकास गर्नसक्ने सम्भावना थियो । तर यो पक्षमा संघीय र स्थानीय सरकार दुवै चुकेको देखियो ।

## निष्कर्ष

यो लेखमा महामारीमा (वैकल्पिक) शिक्षण सिकाइका सन्दर्भमा संघीय तथा स्थानीय सरकारको भूमिकाबारे चर्चा गरियो । लेखका मूल खण्डमा गरिएका छलफल/विश्लेषणले महामारीले विद्यालय शिक्षामा पारेको प्रभाव र संघीय तथा स्थानीय सरकारको "रेस्पोन्स" बारे केही प्रारम्भिक निर्क्योलमा पुग्न सकिन्छ । पहिलो, महामारीको समयमा नियमित पठनपाठन/शैक्षिक क्रियाकलापलाई अगाडि बढाउन संघीय सरकारको भूमिका मूलतः निर्देशनमुखी या निर्देशिका जारी गर्नेसम्म मात्र सीमित थियो । थप, विद्यालय शिक्षाबारे संघीय सरकारले लिएका कतिपय निर्णय संविधानमा उल्लिखित प्रावधान प्रतिकूल या संघीयताको मर्म विपरीतका थिए । दोस्रो, नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको सञ्चालन/व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई दिएको छ । विद्यालय

शिक्षाको सञ्चालन/व्यवस्थापनबारे आफूमा प्राप्त संवैधानिक अधिकार प्रयोग गर्दै महामारीको स्थानीय अवस्था विश्लेषण गर्दै शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाउन स्थानीय सरकारहरू जागरुक देखिएनन् । संघीय सरकारको मुख ताक्ने, र निर्देशन अनुसरण गर्ने प्रवृत्ति उनीहरूमा ज्यादा देखियो । विद्यालय सञ्चालन/व्यवस्थापनबारे स्थानीय सरकारमा निहित संवैधानिक अधिकारमाथि जिप्रकाले हस्तक्षेप गर्दा समेत नगरपालिका या गाउँपालिकाका केही पदाधिकारी बाहेक अन्यले त्यस्तो हस्तक्षेपको खासै विरोध गरेको देखिएन । सीमित स्थानीय सरकारले मात्रै लकडाउनको समयमा आफू अनुकूल अभ्यास गरेर विद्यालय सञ्चालन तथा वैकल्पिक विधिबाट पठनपाठन सुचारु गर्न सकेका थिए । विद्यालय शिक्षामा महामारीले सिर्जना गरेको यस्तो संकट स्थानीय सरकारका लागि आफूलाई प्राप्त संवैधानिक/कानूनी अधिकार प्रयोग गर्ने अवसर थियो, जसमा पालिकाहरू चुकेको देखियो । समग्रमा, वैकल्पिक शिक्षण प्रणालीको तयारी र सञ्चालनमा हामी कति कमजोर रहेछौँ भन्ने कोभिड-१९ को महामारीले प्रस्ट देखाएको छ ।

## कृतज्ञता

कोरोना भाइरस रोगबाट उत्पन्न असहज परिस्थितिमा समेत विद्यालय शिक्षाका अनेक आयामबारे सामग्री प्रकाशित गर्ने नेपाली सञ्चार संस्थाप्रति म कृतज्ञ छु, जसका कारण यो लेख तयार पार्न सम्भव भयो । अनुसन्धान प्रक्रियामा मार्टिन चौतारीका अनुसन्धाता प्रत्यूष वन्त र देवेन्द्र उप्रेतीको विशेष सहयोग रह्यो, यसका लागि उहाँहरूप्रति कृतज्ञ छु । अनुसन्धानका क्रममा विभिन्न चरणका सहयोग पुऱ्याउनुहुने मार्टिन चौतारीका लोकरञ्जन पराजुली, रुख गुरुङ, हर्षमान महर्जन, सोहन प्रसाद साह, अमन गारू, बुद्धकुमार श्रेष्ठ र दलबहादुर श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु । यसै गरी, लेखको भाषा सम्पादन गरिदिनु भएकोमा देवेन्द्र उप्रेतीप्रति आभारी छु । यो लेख डानिडा फेलोशिप सेन्टरद्वारा कार्यान्वित डेनमार्कको विदेश मन्त्रालयको आर्थिक सहयोगमा मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय र आहुस विश्वविद्यालय, डेनमार्कद्वारा सञ्चालित "नेपालको शिक्षा क्षेत्रमा सार्वजनिक वित्तको गतिशीलता (सन् २०१५–२०२२)" परियोजना अन्तर्गत तयार गरिएको हो । सो सहयोग एवं सहकार्यका लागि सम्बन्धित संस्थाहरूलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री

अधिकारी, अदीति । २०७७ । शिक्षा-संकट : स्थानीय सरकारका लागि मौका । *नयाँ पत्रिका*, जेठ ५ । www.nayapatrikadaily.com/news-details/43552/2020-05-18 मा उपलब्ध; चैत १७, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७७क । शिक्षा मन्त्रालयको अन्योलले विद्यार्थी मारमा । वैशाख २४ । www.onlinekhabar.com/2020/05/861296 मा उपलब्ध; वैशाख २४, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७७ख । विद्यालय सञ्चालनमा शिक्षा मन्त्रालयको भाँजो ! असोज १४ । www.onlinekhabar.com/2020/09/899964 मा उपलब्ध; चैत १५, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७८ । विद्यालय बन्दबारे सरकारको निर्णय पर्खिंदै स्थानीय तह । वैशाख २ । www.onlinekhabar.com/2021/04/945929 मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको ।

एजुकेशनपाटी । २०७७ । प्रदेशले भर्ना खुला गर भन्ने सङ्घले नगर भन्ने, हामीले के गर्ने ? जेठ २४ । https://educationpati.com/samundrasetuschool1/ मा उपलब्ध; वैशाख १०, २०७८ मा हेरिएको ।

एडुखबर । २०७७ । रोकिएका परीक्षा तत्काल गर्न माग, विद्यालय खोल्ने निर्णयको अधिकार पालिकालाई दिनुपर्ने । जेठ २४ । www.edukhabar.com/news/14741 मा उपलब्ध; कात्तिक २९, २०७८ मा हेरिएको ।

एडु-पत्र । २०७७क । संसदको शिक्षा समितिको निष्कर्ष : पर्ख र हेरको अवस्था छ किन आत्तिएको ? वैशाख २४ । https://edupatra.com/news/conclusion-of-the-parliamentary-committee-there-is-a-wait-and-see-situation-why-panic/ मा उपलब्ध; चैत १२, २०७७ मा हेरिएको ।

एडु-पत्र । २०७७ख । यस्ता छन् प्रदेशमा शिक्षाको बजेट (पूर्ण पाठ सहित) । असार १ । https://edupatra.com/news/such-is-the-budget-of-education-in-the-state/ मा उपलब्ध; साउन २५, २०७८ मा हेरिएको ।

कान्तिपुर । २०७६ । विद्यालय र कलेज बन्द गर्न अनेरास्ववियूको माग । फागुन २३ । https://ekantipur.com/news/2020/03/28/158539203252448635.html मा उपलब्ध; चैत ४, २०७७ मा हेरिएको ।

कान्तिपुर । २०७८क । स्थानीय तहको निर्णयबमोजिम विद्यालय बन्द गर्ने/नगर्ने निर्णय गर्नू : शिक्षा मन्त्रालय । वैशाख ३ । https://ekantipur.com/news/2021/04/16/1618562123808951 7.html मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको ।

कान्तिपुर । २०७८ख । संसदीय समितिको निर्देशन : तत्काल स्कूल बन्द गरी वैकल्पिक माध्यमबाट पठनपाठन गराउनू । वैशाख ३ । https://ekantipur.com/news/2021/04/16/1618568162594965 6.html मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको ।

कार्की, उजिर । २०७८ । विद्यालय सञ्चालनबारे चारथरि निर्देशन, अन्योलमा अभिभावक । *नेपालखबर*, वैशाख ३ । https://nepalkhabar.com/politics/55404-2021-04-16-14-45-58 मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७७क । कम जोखिमका क्षेत्रमा साउन १ देखि स्कूल खोल्ने तयारी । *कान्तिपुर*, असार ३० । https://ekantipur.com/news/2020/07/14/159469944555149861.html मा उपलब्ध; साउन ६, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७७ख । कक्षा सञ्चालनको जिम्मा पालिकालाई । *कान्तिपुर*, भदौ २६ । https://ekantipur.com/news/2020/09/11/1599788940689748.html मा उपलब्ध; चैत १७, २०७७ मा हेरिएको ।

कोइराला, विद्यानाथ । २०७७ । अनलाइन शिक्षामा रोक : क्रान्तिकारी सरकारको थोत्रो बुद्धि । *हिमालखबर*, जेठ १३ । www.himalkhabar.com/news/114439 मा उपलब्ध; जेठ १४, २०७७ मा हेरिएको ।

खनाल, शिशिर । २०७७ । वीरगञ्ज र काठमाडौँलाई हेरेर गाउँको पढाइ नरोकौं । *अनलाइनखबर*, भदौ २२ । www.onlinekhabar.com/2020/09/894643 मा उपलब्ध; चैत २१, २०७७ मा हेरिएको ।

गाहा मगर, सन्त । २०७७क । शैक्षिकसत्र दुई महिना बाँकी, दुईजना संक्रमित हुँदा ६० हजारको पढाइ रोकियो । *अनलाइनखबर*, भदौ २१ । www.onlinekhabar.com/2020/09/894337 मा उपलब्ध; भदौ २१, २०७८ मा हेरिएको ।

गाहा मगर, सन्त । २०७७ख । महामारीका बेला विद्यालय खोल्ने कि नखोल्ने ? *अनलाइनखबर*, मंसिर ११ । www.onlinekhabar.com/2020/11/911714 मा उपलब्ध; असोज १३, २०७८ मा हेरिएको ।

गौतम, रवीन्द्र । २०७६ । मन्त्रालयको निर्देशन अवज्ञा गर्दै विद्यालय । *अन्नपूर्ण पोस्ट्*, फागुन २४ । http://annapurnapost.com/news/149746 मा उपलब्ध; कात्तिक २८, २०७८ मा हेरिएको ।

ढकाल, सुनिता । २०७७ । शिक्षामा स्थानीय तहको भूमिका । *सेतोपाटी*, असार ४ । www.setopati.com/blog/209317 मा उपलब्ध; चैत ४, २०७७ मा हेरिएको ।

तामाङ, सन्जिला । सन् २०२१ । कोभिड-१९ महामारी र नेपालको विद्यालय शिक्षा सम्बन्धी सन्दर्भ सामग्री । www.martinchautari.org.np/files/bibliography/Covid-19-Pandemic-and-School-Education-in-Nepal-Bibliography-CBS1-2021.pdf मा उपलब्ध; भदौ २०, २०७८ मा हेरिएको ।

थापा, कृष्ण । २०७७ । नुवाकोटमा खुलेको आठ दिनमै विद्यालय बन्द । *कान्तिपुर*, असोज १६ । https://ekantipur.com/news/1601608246699/02/10/20208646.html मा उपलब्ध; मंसिर ९, २०७८ मा हेरिएको ।

थाहाखबर । २०७६ । सरकारको निर्देशन : वार्षिक परीक्षा चाँडो सकेर विद्यालय बन्द गर्नू । फागुन २२ । https://thahakhabar.com/news/92889/ मा उपलब्ध; चैत ४, २०७७ मा हेरिएको ।

देशसञ्चार । २०७८ । काठमाडौँ उपत्यकामा चार महिनापछि हट्यो निषेधाज्ञा । भदौ १६ । https://deshsanchar.com/2021/09/01/551189/ मा उपलब्ध; असोज ७, २०७८ मा हेरिएको ।

नागरिकखबर । सन् २०२० । नेपाल कोभिडको अति उच्च जोखिमको सूचीमा पऱ्यो । फागुन १६ । https://nagarikkhabar.com/2020/2/24743/ मा उपलब्ध; साउन १०, २०७८ मा हेरिएको ।

नेपाल सरकार । २०७४ । *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* । काठमाडौँ : नेपाल सरकार ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रुख गुरुङ । २०७६ । संघीय नेपालमा स्थानीय सरकार र विद्यालय शिक्षा । *समाज अध्ययन* १४ : ८३–११८ ।

पोखरेल, गिरिराजमणि । २०७७ । यस कारण वैकल्पिक सिकाइ प्रणाली । *कान्तिपुर*, असार ३ । https://ekantipur.com/opinion/2020/06/17/159236593313139216.html मा उपलब्ध; चैत १५, २०७७ मा हेरिएको ।

पौडेल, चिरञ्जीवी । २०७६ । योगेश भट्टराई : 'कोभिडमुक्त देश'का पर्यटनमन्त्री ! *अनलाइनखबर*, फागुन ७ । https://www.onlinekhabar.com/837984/02/2020 मा उपलब्ध; असार २२, २०७८ मा हेरिएको ।

बिडारी, सुरेश । २०७७ । कोरोना कहर : ओझेलमा प्रारम्भिक बाल शिक्षा । *अनलाइनखबर*, असोज २२ । www.onlinekhabar.com/2020/10/901928 मा उपलब्ध; कात्तिक २०, २०७८ मा हेरिएको ।

बीबीसी नेपाली । सन् २०२० । कोरोना भाइरस नेपाल : प्रधानमन्त्री ओलीका विवादमा परेका तीन महिनाका तीन प्रमुख अभिव्यक्ति । जुन २२ । www.bbc.com/nepali/news53128959- मा उपलब्ध; साउन १०, २०७८ मा हेरिएको ।

बुधबार । २०७७ । विद्यालय सञ्चालनमा अन्योल कायमै । मंसिर १७ । https://ebudhabar.com/2020/12/16600/ मा उपलब्ध; चैत २४, २०७७ मा हेरिएको ।

मोक्तान, सन्जिला । सन् २०२१ । कोभिड-१९ महामारी र नेपालको विद्यालय शिक्षा : केही चुनिन्दा अध्ययन सामग्री । www.martinchautari.org.np/files/Covid--19Pandemic-and-School-Education-in-Nepal_A-Select-Reading-List.pdf मा उपलब्ध; भदौ २०, २०७८ मा हेरिएको ।

मोक्तान, सन्जिला र देवेन्द्र उप्रेती । २०७८ । *कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : अनुसन्धान प्रतिवेदन* । काठमाडौँ : मार्टिन चौतारी । www.martinchautari.org.

np/files/Report_School-education-during-the-COVID-19-pandemic_CRS1-2021.pdf मा उपलब्ध; मंसिर ५, २०७८ मा हेरिएको ।

राई, नुनुता । २०७७ । स्थानीय तह विद्यालय खोल्ने, जिल्ला प्रशासन बन्द गराउने । *हिमालखबर*, असोज १२ । www.himalkhabar.com/news/118863 मा उपलब्ध; चैत १२, २०७७ मा हेरिएको ।

वाग्ले भट्टराई, सम्झना । २०७६ । विद्यालय बन्द गर्न ढिलो भो । *कान्तिपुर*, फागुन ३० । https://ekantipur.com/opinion/158406744351183011/13/03/2020.html मा उपलब्ध; साउन १०, २०७८ मा हेरिएको ।

शिविप्रम (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) । २०७७ । *शैक्षिक सूचना* २०७७ । काठमाडौँ : शिविप्रम, योजना तथा अनुगमन महाशाखा ।

संग्रौला, गोपाल । २०७६ । विद्यालयमा कोभिड संक्रमण रोक्न सजगता । *कारोबार*, चैत ३ । www.karobardaily.com/news/30103 मा उपलब्ध; असार १४, २०७८ मा हेरिएको ।

सुब्बा, रोश्ना । २०७७क । वैकल्पिक सिकाइमा विद्यार्थीको न्यून सहभागिता । *शिक्षक*, असार २८ । https://shikshakmasik.com/2670/वैकल्पिक-सिकाइमा-विद्यार्थीको-न्यून-सहभागिता मा उपलब्ध; कात्तिक २८, २०७८ मा हेरिएको ।

सुब्बा, रोश्ना । २०७७ख । क्वारेन्टिन राखिएका स्कूल : कसले गर्ने निसंक्रमणीकरण ? *शिक्षक*, असोज २१ । https://shikshakmasik.com/3719/क्वारेन्टिन-राखिएका-स्कूलः-कसले-गर्ने-निसंक्रमणीकरण मा उपलब्ध; कात्तिक २१, २०७८ मा हेरिएको ।

हिमालखबर । २०७७ । महामारीलाई शिक्षा प्रणाली बदल्ने अवसर बनाउँछौं । जेठ २६ । www.himalkhabar.com/news/114853 मा उपलब्ध; असार १५, २०७८ मा हेरिएको ।

हिमालखबर । २०७८ । शिक्षामन्त्रीसँग टकरावपछि स्वास्थ्यमन्त्रीले गरे विद्यालय बन्दको अपील । वैशाख २ । www.himalkhabar.com/news/122880 मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको ।

Azzi-Huck, Kaliope and Tigran Shmis. 2020. Managing the Impact of COVID-19 on Education Systems Around the World: How Countries are Preparing, Coping, and Planning for Recovery. Available at https://blogs.worldbank.org/education/managing-impact-COVID-19-education-systems-around-world-how-countries-are-preparing; accessed June 14, 2021.

Ghimire, Binod. 2020. Federal Government Authorises Local Governments to Manage School Education. *The Kathmandu Post*, September 12. Available at https://kathmandupost.com/national/2020/09/11/federal-government-authorises-local-governments-to-manage-school-education; accessed April 1, 2021.

Makalesi, Derleme. 2020. Educational Policy Actions by the Ministry of National Education in the times of COVID-19. *Kastamonu Education Journal* 28(3): 1124–1129.

NCE Nepal (National Campaign for Education Nepal). 2020. Impact of COVID 19 in Public School Education of Nepal. November 29. Available at www.youtube.com/watch?v=qyRqKTLcaL0&t=3495s; accessed July 13, 2021.

The Himalayan Times. 2020. Local Levels Given Authority to Reopen Schools. November 19. Available at https://thehimalayantimes.com/kathmandu/local-levels-given-authority-to-reopen-schools; accessed March 31, 2021.

UNICEF (United Nations Children's Fund). 2020. COVID-19: At Least a Third of the World's and Two-Thirds of Nepal's Schoolchildren Unable to Access Remote Learning During School Closures, New UNICEF Report Says. August 28. Available at www.unicef.org/nepal/press-releases/covid-19-least-third-worlds-and-two-thirds-nepals-schoolchildren-unable-access; accessed June 6, 2021.

## लेखक परिचय

मार्टिन चौतारीको अनुसन्धान समूहमा आबद्ध **सन्जिला मोक्तान**ले विद्यालय शिक्षाको विभिन्न पाटाबारे अनुसन्धान गरेकी छन् । उनका लेख तथा समीक्षा जर्नल र पत्रपत्रिकाहरूमा प्रकाशित छन् । साथै, उनको सह-लेखनमा *कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : अनुसन्धान प्रतिवेदन* (२०७८) र सह-संकलनमा विविध विषयका पाँच ओटा सन्दर्भग्रन्थ सूचीहरू मार्टिन चौतारीको वेबसाइटमा प्रकाशित छन् । ईमेल : tamangsanjeela@gmail.com